# स्थलगत घटना अध्ययन प्रतिबेदन
# विनौना ८ चाचाफर्का बाँके
# २०६९ पौष १२

प्रतिवेदक
नन्द विश्वकर्मा
केन्द्रिय उपाध्यक्ष
दलित गैसस महासंघ
केन्द्रिय समिति

**भुमिका**

बिद्यमान नेपालको जातिय भेदभाव र छुवाछुत अन्त्य गर्न कठिनको विषय बन्दै छ । जुन संविधानले नेपालमा २४० वर्ष पुरानो राजसंस्था अन्त्य गऱ्यो । सोही संविधानले नेपालको जातिय छुवाछुत र भेदभाव जन्य प्रथालाई अन्त्यको घोषणा गरी प्रचलित कानुन मुलुकी ऐन २०२० को अदलको १० (क) लाई खारेज गरी जातिय भेदभाव तथा छुवाछुत कसुर र सजाय ऐन २०६८ समेत निर्माण गरी कार्यान्वयनको प्रयास भईरहेको अवस्थामा जातिय भेदभाव र छुवाछुतका घटना दिन प्रतिदिन बृद्धि भईरहेका छन । दैलेख, कालिकोट, बर्दिया, सिराहा, धादिङ्ग र दाङ्ग लगाएतका जिल्लामा दलितहरुले अन्तरजातिय बिबाहा गरेका कारण गाँउ निकाला, ज्यान गुमाउने समेत गरी सक्दा नेपालको बर्तमान कानुन र कार्यान्वयन गर्ने निकायको उपहास गरिसकेको छ । यसै सन्दर्भमा बाँके जिल्लाको बिनौना गाविस वडा नं. ८ चाचाफर्कामा दलितले गैरदलितको घरमा पसेकै कारणले घटना घटेको हुँदा दलित गैरसरकारी संस्था महासंघको तर्फबाट स्थलगत अवस्था अनुगमन गरी प्रतिबेदन तयार गरिएको छ । यस प्रतिबेदनमा समावेस गरिएका आधार प्रमाणहरुले पीडितलाई न्याय र पीडकलाई सजायको लागी आधारभुत सुचकको काम गर्ने छन भन्ने विश्वास गरिएको छ ।

**घटना स्थलको सामान्य जानकारी**

बिनौना गाविस वडा नं. ८ चाचाफर्का नेपालगंज देखि करिब १० किलोमिटरमा पर्दछ । यस वडामा २०० घरपरिवार मध्ये दलित समुदाय ६ घरपरिवार मात्र रहेका छन । यस गाविसमा सल्यान, प्युठान, रुकुम, दाङ्ग र जाजरकोट जिल्लाबाट बसाईसराई गरी आएकाहरुको बाहुल्यता रहेको छ । जातिगत रुपमा ब्राह्मण, क्षेत्री, जनजाति, मगर, थारु र दलित समुदायमा कामी, दमाई, सार्की जातिहरुको बसोबास रहेको छ । गाविस भित्र ग्राभेल सडक, स्कुल, स्वास्थ्य चौकी रहेको पाईन्छ । यहाँका मानिसहरुको मुख्य पेशा कृषि भए पनि भारतका विभिन्न सहरहरुमा दैनिक ज्याला मजदुरी गरी परिवार पालनपोशण गरेको पाईन्छ ।

**घटना अध्ययनको उद्देश्य**

१. घटनाको विस्तृत र वास्तविक जानकारी लिने ।
२. घटना प्रति सम्बन्धीत सरोकारवालाहरुको ध्यानाकर्षण गराउने ।
३. पीडितलाई न्याय र पीडकलाई सजायको पक्षमा अभिमत संकलन गर्ने ।

**घटना अध्ययनमा संलग्न ब्यक्तिहरु**

| | | |
|---|---|---|
| १. नन्द विश्वकर्मा | उपाध्यक्ष | दलित गैसस महासंघ |
| २. डिलबहादुर परियार | अध्यक्ष | दलित गैसस महासंघ म.प क्षेत्रीय समिति |
| ३. लालबहादुर विश्वकर्मा | क्षेत्रीय सम्बन्ध अधिकृत | दलित गैसस महासंघ |
| ४. किरण गिरी | | चेतना परिवार |
| ५. बुद्ध सुनार | | दलित सेवा संघ |
| ६. रेसम परियार | | पीडित जनसेवा विकास कार्यक्रम |
| ७. टेकेन्द्र बस्याल | | पत्रकार |
| ८. हेमन्त विक | | रेडियो प्रतिबोध कोहलपुर |
| ९. भिमबहादुर विक | | केश नेपाल |

**घटना अध्ययनको विधी**

- स्थानिय व्यक्ति देखि, सुनी जान्नेसंग सोधपुछ ।
- पीडित र पीडक परिवार हरुसंग भेटघाट तथा सोधपुछ ।
- सम्बन्धीत सरोकारवालाहरुसंग भेटघाट तथा अन्तरक्रिया ।

**पीडितको पारिवारीक विवरण**

दाङ्ग जिल्लाको तुलसीपुर नगरपालिकाको हापुरेबाट २०६७ सालमा बासाई सराई गरी आएका दिपक परियार

| क.स | नाम थर | उमेर | नाता | कैफियत |
|---|---|---|---|---|
| १ | स्व. पुर्णबहादुर परियार | – | बाबु | २०६७ सालमा मृत्यु |
| २ | पुतली परियार | ५० वर्ष | आमा | |
| ३ | दिपक परियार | २० वर्ष | छोरा | हाल बेपत्ता |
| ४ | सुमिना परियार | २१ वर्ष | श्रीमति | बेपत्ताको श्रीमति |
| ५ | – | ७ महिना | छोरी | नाम थाहा नभएको |

**पीडकको पारिवारीक विवरण**

| क.स | नाम थर | उमेर | नाता | कैफियत |
|---|---|---|---|---|
| १ | खिमलाल वली | ४८ वर्ष | बाबु | |
| २ | गुन्द्री वली | ४५ वर्ष | आमा | |
| ३ | दिपिका वली | २१ वर्ष | छोरी | घटनासंग सम्बन्धीत |
| ४ | अर्जुन वली | २० वर्ष | छोरा | |
| ५ | सुरेश वली | १७ वर्ष | छोरी | नाम थाहा नभएको |
| ६ | दिपा वली | ३० वर्ष | फुपु | |

**घटनाको विस्तृत विवरण**

बाँके जिल्ला विनौना गाविस वडा नं. ८ चाचाफर्का बस्ने पुर्णबहादुर परियारको एक मात्र छोरा वर्ष २० को दिपक परियार २०६९ भाद्र २० गते तिजको नाच हेर्ने सिलसिलामा आफ्ना साथीहरुसंग नाच हेरेर राती करिब ३ बजे घर फर्कि छिमेकी दिपिका वली भन्ने साथीको घरमा पसी उनको विस्तरामा सुतेको अभियोगमा दिपिकाका दाई भाई समेतले कुटपिट गरी प्रहरीलाई जानकारी गरियो । बिहान २०६९ भाद्र २१ गते प्रहरीले दिपक परियारलाई पक्राउ गरी बैजापुर इलाका प्रहरी चौकी धामपुरमा राखियो । २०६९ भाद्र २२ गते दुवै तर्फका मानिसहरु इप्रका गई छलफल गरे । छलफलमा दिपिका वलीको पक्षबाट रु. १,००,०००।- क्षतिपुर्ति दावा गरियो । दुवै पक्षले दिपक परियारको घरपरिवारको अवस्था मध्यनजर गरी रु.२५,०००।- जरिवाना दिपक परियारले दिपिका वलीलाई दिने र दिपकलाई छोड्ने निष्कर्ष निकालियो । दिपकका पक्षबाट आमा पातली परियार, धनी परियार, निशा परियार लगायत महिला मात्र गएका थिए । उनिहरुले आफुसंग रु. १९,०००।- जुटेको रु. ६,०००।- जुटाएर २३ गते बुझाउँछौ र दिपकलाई इप्रकामा राख्न भनियो । २३ गते बिहान प्रहरी घरमा आएर दिपक भाग्यो भनी सुचना दिईयो र दिपक जहिले आउँछ त्यही बेला छलफल गर्ने भनि कागज गराएर लग्यो । पुनः दिपकको बारेमा इलाका प्रहरी कार्यालयमा छलफलका लागी बोलाईएन ।

**घटना सम्बन्धी विभिन्न व्यक्तिहरुको भनाई**

***टेकबहादुर परियार, ४३ वर्ष***

भाद्र २० गते राती दिपक नाच हेर्न गएको र दिपिका वलीको विस्तरामा सुत्यो भन्ने हल्ला सुनियो । दिपिका वली, उनकी आमा गुन्द्री र भाईहरुले पिट्दै लगी प्रहरीलाई बुझाएको र जरिवाना रु. २५,०००।- तोकेका थिए । पीडितसंग १९,०००।- जम्मा भएको थियो तर रु. ६,०००।- जम्मा गरी प्रहरीमा जाने कुरा थियो । २३ गते प्रहरी घरमा आएर दिपक फरार भयो भनी भेटेमा प्रहरीलाई बुझाउने कागज गरी लग्यो ।

***रामबहादुर रावत***

२०६९ असोज ४ गते राप्ती नदीमा दिपकलाई खोज्न गएको र लक्षमणपुर बाँध सम्म खोज्न जाने कुरा छलफल भएको छ । अझै उसको पत्तो छैन फरार भएकै हुनु पर्दछ ।

***रञ्जिता केसी, २० वर्ष***

दिपकले रक्सी खाएका थिए । २० गते राती नाच हेरेर सवै संगै आएको हो । दिपक र दिपिका पनि संगै आएका हुन । दिपक पहिले आफ्नो घरमा आएर दिपिकाको घरमा गएका हुन । दिपिकाले कहाँ आएको भनी सोध्दा सलाई लिन आएको भने । यिनी धैरै जसो भारतमा बस्दथे ३/४ दिन पहिले मात्र भारतबाट आएका हुन ।

***दिपिका वली वर्ष २१ घटनासंग सम्बन्धीत***

भाद्र २० गते नाच हेर्न गएको म ११ बजे फर्किसकेको थिए । दिपक ३ बजे फर्केर म विस्तरामा सुतेको समयमा मेरो विस्तरामा पुगेछन । मैले को हो ? भनी लातले हान्दा थाहा भयो । मैले आमालाई बोलाए । दिपक नाताले दाजु पर्दछन । मलाई उसले रु. ३००।- दिनु थियो । त्यो संग मेरो कुनै सम्बन्ध थिएन । उ धैरै भारतमा बस्थ्यो । मैले प्रहरीलाई बुझाएकै हो ।

***हिमा महरा, वर्ष ३० फुपु***

प्रहरीले २४ घण्टा भन्दा बढी राख्न नपाउने भएकोले नेपालगंज म्याद थप्ने वा बुझाउने भन्ने कुरा भएको हो । आमाले प्रहरीसंग छोरा दिपकलाई खोजी प्रहरी समक्ष बुझाउँछु भनी कागज गरेकी छन ।

***देवीलाल घर्तीमगर (प्रहरी सहायक निरिक्षक, इलाका प्रहरी कार्यालय धामपुर बाँके)***

घटना बारे केही थाहा नभएको भनी बोल्न चाहेनन् । उनी २०६९ असोज ७ गते मात्र यस कार्यालयमा हाजिर भएका रहेछन । उनको भनाई अनुसार यस इलाकाको इन्चार्ज चुडामणी थापा र सेन्ट्री रामबहादुर घर्तीमगरलाई जिल्ला प्रहरी कार्यालयले झिकाएकोले सबै कुरा हामीले बोल्न मिल्दैन भनी पंछिन खोजे । सबै कुरा माथी नै जाहेर भईसकेको छ । यस इप्रकामा जनशक्ति कमी छ । प्रहरी नायब निरिक्षकको कमाण्डमा २३ जनाको दरबन्दी भएकोमा १ असई, १ हवल्दार, ५ जवान गरी ७ जना कार्यरत छन ।

***कमला विक***

बिनौना ७ बस्ने कमला विकको भनाई अनुसार घटना संकास्पद छ । प्रहरीले जिम्मेवारी लिनु पर्दछ । दोषीले सजाय पाउनु पर्दछ । लामो समय सम्म जिल्ला प्रहरी कार्यालयमा जानकारी नगराउनु प्रहरीको लापरवाही हो ।

***प्रहरी उपरिक्षक विक्रमसिंह थापा***

जिल्ला प्रहरी कार्यालय प्रमुख प्रहरी उपरिक्षक विक्रमसिंह थापाका अनुसार हामीलाई ढिलो थाहा भयो । छानविन हुँदैछ । त्यो इलाका प्रहरी कार्यालयको इन्चार्ज र सेन्ट्री झिकाई सकियो । कारवाही अगाडी बढाइन्छ । स्वतन्त्र छानविन समिति समेत बनाउन  सकिन्छ । दोषीलाई कारवाही हुन्छ ।

## चुनौती

घटनाको जानकारी दलित गैरसरकारी संस्था महासंघम ढिलो प्राप्त हुन आएका कारण घटना बारे एकिन जानकारी लिन एकदम गाह्रो थियो । पीडितका तर्फबाट घटनालाई बलियो रुपमा उठाउन सक्ने व्यक्तिको अभाव देखियो । हाल सम्म पीडितका आफन्तहरु कानुनी ढोका सम्म पुग्न सकिरहेका छैनन् ।

## निष्कर्ष

माथी उल्लेखित व्यक्तिहरुको भनाई र घटना अध्ययनका अवस्थामा देखे बुझे अनुसार पीडित वास्तविक पीडित नै रहेको पाईयो । जिल्ला प्रहरी कार्यालयले सो इलाका प्रहरी कार्यालयका इन्चार्ज चुडामणी थापा र सेल्ट्री रामबहादुर घर्तीमगरलाई निलम्वीत गरी कार्वाही अगाडी बढाएकोले पनि घटना सुनियोजित जस्तो देखिन्छ ।